आज मिति २०८२/०३/०८ गतेका दिन बिहान ११ बजे सिम्रौनगढ नगरपालिकाको दशौं नगर सभा(नगर अधिवेशन)को आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक पारित गर्ने नगर सभामुख तथा नगर प्रमुख श्री किशोरी प्रसाद कलवार ज्यूको अध्यक्षतामा बैठक बस्यो।

## उपस्थिति

| सि.न. | पदाधिकारीकोनाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | किशोरी प्रसाद कलावर | नगर प्रमुख | |
| २. | नजमु शेहर | नगरउप-प्रमुख | |
| ३. | दिनदयाल मुखिया | वडा अध्यक्ष १/नगर सभा सदस्य | |
| ४. | अरविन्द कुमार | वडा अध्यक्ष २/ नगर सभा सदस्य | |
| ५. | अजिउल्लाह अंसारी | वडा अध्यक्ष ३/ नगर सभा सदस्य | |
| ६. | अवधेश कुमार सहनी | वडा अध्यक्ष ४/ नगर सभा सदस्य | |
| ७. | शिवमंगल प्रसाद | वडा अध्यक्ष ५/ नगर सभा सदस्य | |
| ८. | नन्दकिशोर प्रसाद जयसवाल | वडा अध्यक्ष ६/ नगर सभा सदस्य | |
| ९. | विवेक मेहता | वडा अध्यक्ष ७/ नगर सभा सदस्य | |
| १०. | रामदिनेश प्र. यादव | वडा अध्यक्ष ८/ नगर सभा सदस्य | |
| ११. | रामएकवाल | वडा अध्यक्ष ९/ नगर सभा सदस्य | |
| १२. | राज कुमार यादव | वडा अध्यक्ष १०/नगर सभा सदस्य | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| १३. | सुरेन्द्र प्रसाद जयसवाल | वडा अध्यक्ष ११/नगर सभा सदस्य | |
| १४. | उपेन्द्र प्रसाद जयसवाल | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| १५. | आर्शिवाद ठाकुर लोहार | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| १६. | जवाहरलाल सा कानु | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| १७. | कान्ती देवी कोइरीन | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| १८. | जयपतिया देवी यादव | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| १९. | मिना कुमारी संयासी | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| २०. | सकुन्तला देवी | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| २१. | सुनिता देवी तत्मा | कार्यपालिकासदस्य/नगर सभा सदस्य | |
| २२. | प्रमिला देवी | वडा नं.१/नगर सभा सदस्य | |
| २३. | संजय प्रसाद यादव | वडा नं.१/नगर सभा सदस्य | |
| २४. | विपिन्न प्रसाद यादव | वडा नं.१/नगर सभा सदस्य | |
| २५. | रम्भा देवी नुनिया | वडा नं.१/नगर सभा सदस्य | |
| २६. | शारधा देवी | वडा नं.२/नगर सभा सदस्य | |
| २७. | अमरजित महतो कोइरी | वडा नं.२/नगर सभा सदस्य | |
| २८. | दिपकलीया कुर्मीन | वडा नं.३/नगर सभा सदस्य | |
| २९. | पन्नालाल महतो कोइरी | वडा नं.३/नगर सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३०. | चाँद महम्द | वडा नं.३/नगर सभा सदस्य | |
| ३१. | शान्ती देवी चमैन | वडा नं.४/नगर सभा सदस्य | |
| ३२. | दिपेन्द्र कुमार गुप्ता | वडा नं.४/नगर सभा सदस्य | |
| ३३. | समसुल हक धोबी | वडा नं.४/नगर सभा सदस्य | |
| ३४. | साबित्री देवी | वडा नं.५/नगर सभा सदस्य | |
| ३५. | अनवर हुसैन अंसारी | वडा नं.५/नगर सभा सदस्य | |
| ३६. | साहेब राउत कुर्मी | वडा नं.५/नगर सभा सदस्य | |
| ३७. | कमरुन नेसा | वडा नं.६/नगर सभा सदस्य | |
| ३८. | फुलन चमैन | वडा नं.६/नगर सभा सदस्य | |
| ३९. | अलिमहम्द अंसारी | वडा नं.६/नगर सभा सदस्य | |
| ४०. | जगदिश महतो नुनिया | वडा नं.६/नगर सभा सदस्य | |
| ४१. | शोशिला देवी | वडा नं.७/नगर सभा सदस्य | |
| ४२. | सरस्वती देवी | वडा नं.७/नगर सभा सदस्य | |
| ४३. | इसलाम मिया अंसारी | वडा नं.७/नगर सभा सदस्य | |
| ४४. | मुसलिम मिया | वडा नं.७/नगर सभा सदस्य | |
| ४५. | परमशिला देवी | वडा नं.८/नगर सभा सदस्य | |
| ४६. | सन्तुर देवी | वडा नं.८/नगर सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४७. | ईशा खाँ पैठान | वडा नं.८/नगर सभा सदस्य | |
| ४८. | राजाराम प्रसाद साह तेली | वडा नं.८/नगर सभा सदस्य | |
| ४९. | शोभा देवी | वडा नं.९/नगर सभा सदस्य | |
| ५०. | लक्ष्णपति देवी | वडा नं.९/नगर सभा सदस्य | |
| ५१. | शिवशंकर प्रसाद साह | वडा नं.९/नगर सभा सदस्य | |
| ५२. | हमिदुल मजिद अंसारी | वडा नं.९/नगर सभा सदस्य | |
| ५३. | मुनी कुमारी हजरा | वडा नं.१०/नगर सभा सदस्य | |
| ५४. | विनोद पंडित | वडा नं.१०/नगर सभा सदस्य | |
| ५५. | सिकिन्द्र प्रसाद यादव | वडा नं.१०/नगर सभा सदस्य | |
| ५६. | सविता देवी | वडा नं.११/नगर सभा सदस्य | |
| ५७. | सावित्री देवी दास | वडा नं.११/नगर सभा सदस्य | |
| ५८. | गगनदेव प्रसाद यादव | वडा नं.११/नगर सभा सदस्य | |
| ५९. | वृजकिशोर राय यादव | वडा नं.११/नगर सभा सदस्य | |
| ६०. | मदन कुमार थापा | प्र.प्र.अ./सचिव | |

CamScanner

# सिम्रौनगढ नगरपालिकाको १० औं नगर सभा

## आ.ब. २०८२/०८३ को बार्षिक नीति,कार्यक्रम तथा बजेट

श्री नगर सभा अध्यक्ष ज्यू,

सदस्य सचिव एवम सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

सम्पुर्ण अतिथीगण,

सञ्चारकर्मी मित्रहरु,

सुरक्षाकर्मीहरु,

सिम्रौनगढ नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,

र उपस्थित महानुभावहरु।

सबैमा मेरो नमस्कार।

नेपालको संविधान २०७२ अनुसार तेस्रो तहको सरकार सिम्रौनगढ नगरपालिकाको दशौं नगर सभामा उपस्थित हुनु भएका नगरसभाका सम्पुर्ण सदस्यज्युहरुलाई हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भएपछि निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भएरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जगैदेखी बलियो बनाएको छ । यस सुखद पृष्ठभूमिमा सिमौनगढ स्थानीय सरकारको **दशौ नगर सभा**को बैठकलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभुति भएको छ। नेपालको सार्वभौमसता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिवनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाल र सिम्रौनगढ समाजको

रुपान्तरणमा यहाँहरुले पुर्याउनु भएको महान योगदानको पुनः स्मरण गर्न चाहन्छु । यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोऱ्याई रहनेछ ।

स्थानिय तह लागु भई दोस्रो कार्यकालको लागि निर्वाचित जन प्रतिनिधीहरुकोजनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण जन प्रतिनिधी र राष्ट्रसेवक कर्मचारीहरु नीति तथा कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खटिनु भएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**आदरणीय नगर सभा सदस्य ज्यूहरु,**

बारा जिल्लाको दक्षिण भुभागमा अवस्थित ४२.६५ वर्ग किलोमिटर क्षेत्रफल भएको सिम्रौनगढ नगरपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतीहरु पनि विद्यमान छन्। स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागि रहेको वर्तमान अवस्थामा यो एक नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका वाबजुद्ध नेपालको संविधान, ऐन कानून, कार्यविधि र मन्त्रालय तथा प्रदेश सरकार बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रममा शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकता दिई छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं। हामी विच रहेका सिमित साधन श्रोतको न्यायोचित प्रयोग गर्दै कर्मचारी प्रशासन र सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगमा सम्पूर्ण विकास साझेदरहरुको सहकार्यको साथ हामीहरुमा प्राप्त यो एतिहासिक जिम्मेवारीलाई पुरा गर्न प्रतिबद्धता व्यक्त गर्दै हाम्रो कार्यकाल भित्रै बिकसित नगरपालिकाको रुपमा स्थापित गराउन सिम्रौनगढ नगरपालिकाको विकासको गतिलाई अघि बढाउने प्रण गर्दछौ ।

**आदरणीय नगर सभा सदस्य ज्यूहरु,**

अब, म आ.व.२०८२/०८३ का लागि योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । आ.व.२०८२/०८३ को नगरपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले लक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, पन्ध्रौ आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐन २०७४, तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस सिम्रौनगढ नगरपालिकाको वस्तुगत आवश्यकतालाई मुख्य आधार वनाइएको छ ।

**सिम्रौनगढ नगरपालिकाले आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ,
- शिक्षा, स्वास्थ्य, कृषि, बेरोजगारीलगायतका अन्तरसम्बन्धित विषयहरु
- शीघ्र प्रतिफल, रोजगारी सिर्जना, लागत—लाभ विश्लेषण
- बहु—उपयोगी पूर्वाधारलाई प्राथमिकता

CamScanner

- वडास्तरीय योजना समिति र नागरिक सहभागिता सुनिश्चित।
- सिस्नेगढ नगरपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

## उद्देश्य

- आर्थिक गतिविधि एवं विकास निर्माणका कार्यक्रमलाई तिब्रता दिने ।
- नगरपालिकाको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने।
- सार्वजनिक स्रोतसाधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील नगरपालिका घोषणा गर्ने।

## प्राथमिकताका आधारहरु

- यस नगरपालिकाको सहज जनजीवन र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।
- छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
- कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि ।
- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य मार्फत संतुलित विकास ।
- पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
- रोजगारीको सुनिश्चिता ।
- स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।
- वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने

CamScanner

- नगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
- शिक्षालाई शैक्षिक हबको रुपमा बिकाश गर्न र स्वास्थ्य क्षेत्रलाई थप सुविधा सम्पन्न बनाइनेछ।
- उत्तरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभुति, भष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता ।

**आदरणीय नगर सभा सदस्य ज्यूहरु,**

हामीले यस आ.व.२०८२/०८३ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन्।

**आ.व.२०८२/०८३ को समस्टीगत नीतिहरु:**

- जनमुखी सेवा र पूर्वाधारमार्फत सशक्त नगरपालिका निर्माण गर्ने लक्ष्यलाई अगाडि बढाइनेछ।
- आर्थिक वृद्धि, रोजगारी सिर्जना, सामाजिक विकासलाई गतिशिलता प्रदान गरिनेछ।
- शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा लगानी गरी प्रवर्द्धन गरिनेछ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्ष्यमा पुग्न कठीन हुने यथार्थलाई आत्मसाथ गर्दै यस आ.व. देखि गुणस्तरीय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गर्न दण्ड र पुरस्कारको नीति लिइनेछ ।
- नगरपालिका भित्र संचालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई गुणस्तरिय तथा पारदर्शी बनाउन रु ५,००,०००/- भन्दा बढि लागतको योजना तथा कार्यक्रमको योजना संचालनको साथै योजना स्थलमै सुचना वोर्ड अनिवार्य राख्ने तथा सबै योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न पश्चात सबै उपभाक्ताहरुको उपस्थितिमा सार्वजनिक परिक्षण गर्ने व्यवस्था गरिनेछ। प्रत्येक योजना तथा कार्यक्रमको प्रत्येक वडामा ,

वडास्तरिय अनुगमन समिति र नगरपालिकाको उपप्रमुखको अध्यक्षतामा नगरपालिका स्तरिय अनुगमन गरि दुइ तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइने छ।

- नगरपालिकाको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरु सँगको सहकार्यलाई जोड दिइनेछ। नगरपालिकामा कार्यक्रम स्वीकृत गराएमा संघ संस्थाहरु सँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिनेछ भने, नगरपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम संचालनको लागि रोक लगाइने छ।
- स्वस्थ, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रबर्धन गरिनेछ । नगर तथा वडा तहमा विविध विधाका खेलकुद कार्यक्रम संचालन गरि खेलाडीहरुको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ।
- नगरको आन्तरिक आय अभिवृद्धि गर्न करको दायरालाई फराकिलो पार्दै सहभागितामुलक कर नीति अवलम्बन गरिनेछ। स्थानीय सरकार संचालनको मुल आधार स्थानीय आय भएकाले नगरवासी उधोग वाणिजय संघ संस्था र स्थानीय विधालयहरु सँग सहकार्य गरि कर सचेतना तथा अभिवृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने छ।
- नगरस्तरिय विपत्त व्यवस्थापनका लागि स्थापना गरिएको विपत्त व्यवस्थापन कोषलाइ अझ मजबुत गरिनेछ। कोषको रकम वृद्धि गरि प्रभावकारी काम गर्न विपत्त क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिने छ।
- अन्तर्राष्टिय गैरसरकारी संस्था नियोग तथा स्वदेशी लगानी कर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना संचालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लगानी मैत्री वातावरण सृजना गरिने छ।
- आवधिक योजनाहरु विकासका लागि नगर स्तरीय आवधिक योजना तर्जुमा गर्न आवश्यक पहल गर्ने नीति लिइने छ।




CamScanner

- पुर्वाधार विकास र सामाजिक विकासलाई संगसगै लगिनुका साथै सामाजिक विकास्को नाममा अनुत्पादक खर्चलाई निषेध गिरने नीति लिइने छ।
- आर्थिक वर्षको अन्तमा काम गर्ने परिपाटीलाई अन्त्यगरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालन गर्ने तर्फ ध्यान दिइने छ।
- सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- निर्माण कार्यको भौतिक परिक्षण गराइने तर्फ ध्यान दिइने छ।
- योजना कार्यान्वयनमा उपभोक्ताको अनिवार्य संलग्नता गराइने छ।
- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिने छ।

<u>आर्थिक विकास तर्फ</u>

- पशुपालन र कृषिको लागि ठूला कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- किसानहरुको आलु लागयत अन्य साग सब्जीहरुलाई भण्डारण गर्नका लागि यसै वर्ष देखि कोल्डस्टोर निर्माणको लागि आवश्यक समन्वय गरिनेछ।
- मत्स्य शाखाको स्थापना गरि प्रयोगशालाको स्थापना गरिनेछ।
- नगरप्रमुख रोजगार कार्यक्रम सञ्चालन गरी स्वरोजगारद्वारा आफ्नो सीप प्रयोग गरी जीवनयापनको नवीन अवसरहरु प्राप्त गर्न चाहने युवायुवतीहरुका लागि तत्कालिन सीप/दक्षता तालिम, औजार खरिद गर्न अनुदान प्रदान गरी नीजि क्षेत्रको सहभागीतामा स्वरोजगारीका अवसरहरुको पहिचान गरी बजारमा आधारित रोजगारी सिर्जना गरिनेछ। साथै नगरपालिकावाट सञ्चालन गरिने कृषि र गैर कृषि सँग सम्बन्धित साना सिचाई, कुलो निर्माण, नदी नियन्त्रण, कृषि सडक, सामुदायिक भवन, विद्यालय भवन र अन्य संरचनाहरुको निर्माण र सम्भारमा युवाहरुलाई रोजगारी दिइने छ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ ।



- प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ।
- सामुहिक सिंचाइ प्रणाली, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ।
- पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ।
- रासायनिक मल विषाधिका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्यूनिकरण गर्न अर्गानिक तरकारी खेतिको प्रवर्धन र विकासमा टेवा पुग्ने गरि "किसानको गोठमा अनुदान किसानको ओठमा मुस्कान" अभियानलाइ निरन्तरता दिइने छ। यसका लागि यसै वर्ष अर्गानिक तरकारी सहकारी स्थापनाका लागि विशेषा पहल गरिनेछ।
- तरकारी संकलन केन्द्रहरु संचालनमा हुने छन साथै कृषि उत्पादन वृद्धिका लागि आधुनिक प्रविधि र तालिमको व्यवस्था गरिनेछ ।
- उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गरिनेछ । कृषि तथा पशुपंक्षी विमा सेवा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- उत्पादनमुलक रोजगारीको अवसर सृजना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिइनेछ।
- सिम्रौनगढ नगरपालिकाको इशरा स्थित पोखरीलाई सम्भाव्य पर्यटकिय एवं धार्मिक स्थलको रुपमा बिकास गरी आन्तरिक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**भौतिक पुर्वाधार तर्फः**

- यस सिम्रौनगढ नगरपालिकाका प्राय सबै वडाहरु र बस्तीहरुमा सडक यातायातको असुविधाहरु लाई मध्यनजर गर्दै सडक यातायात र नाला निर्माणलाई मुख्य प्राथमिकता राखी निकट भविष्यमा सबै नागरिकलाई सुलभ सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।
- गत आ.व.हरुमा योजना कार्यान्वयनमा ढिला सुस्ती भएकोले यस वर्ष नयाँ योजना र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नका लागि आर्थिक वर्ष सुरु भए लगतै प्रक्रियागत कार्यदिश दिने व्यवस्था मिलाइनेछ।
- बोर्डर संग जोडिने सडकहरुलाई आर्थिक मार्गको रुपमा विकास नीति लिइने छ ।

CamScanner

- भुकम्प प्रतिरोधात्मक संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्बन गरिने छ।
- सौर्य बिद्युतीकरणका लागि नगरपालिकाका सबै वडाहरुमा यसै वर्ष देखि सोलार जडानको कार्य अगाडी बढाइनेछ । ।
- खेलकुदका लागि नगर स्तरिय स्टेडियमको निर्माणको लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।
- पिकनिक स्थल, जिमखाना, ध्यान केन्द्र र चिल्ड्रेन पार्क बनाउनुको साथै पोखरीहरुलाई सौन्दर्यीकरणको लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।
- नगर भरि आवश्यकता अनुसार नयाँ सडक निर्माण गरिनेछ ।
- गर्मी महिनामा खानेपानीको समस्यालाई समाधान गर्न नेपाल खाने पानी संस्थानको ट्यांकीलाई संचालन तथा ठाउँ ठाउँमा डिप बोरिंग जडान कार्यलाइ निरन्तरता दिनेछ।
- आगलगीबाट सिम्रौनगढ बासीलाई जोगाउन बरुण यन्त्रको २४ घण्टा व्यवस्थापन गरिनेछ ।
- सभा गृह/बिबाह-मण्डप/ध्यानकेन्द्र/चिल्ड्रेन पार्क को स्थापना गरिनेछ ।

**सामाजिक विकास तर्फ:**

- नगरपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री, कम्प्युटर तथा फर्निचर उपलब्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ।
- शिक्षकहरु/कर्मचारीलाई मासिक तलब भत्ता उपलब्ध गराइनेछ।
- प्र.अ.हरुको प्र.अ.भत्तामा वृद्धि गरिनेछ।
- उत्कृष्ट प्र.अ./शिक्षक/कर्मचारीलाई सम्मान सहित पुरस्कारको व्यवस्था गरिनेछ।
- सबै शिक्षकहरुलाई ब्याग तथा दैनिक पाठ योजनाको डायरी उपलब्ध गराइनेछ ।
- कक्षा ५ र ८ को परीक्षाको सेन्टर कायम गरी वार्षिक परीक्षा लिइनेछ।
- सबै बालबालिकाहरुलाइ विधालयमा पहुँच पुगाउन दिवा खाजा कार्यक्रमलाइ थप व्यवस्थित गरिनेछ।
- साक्षर नगरपालिका घोषणा गराउन विशेष पहल गरिनेछ।

- बिधार्थी शिक्षक अनुपात नमिलेको बिधालयमा बिधार्थीको भबिष्यलाइ ध्यानमा राख्दै नगर शिक्षक भर्नालाई निरन्तरता दिइनेछ।
- एस.इ.इ परीक्षामा यस पालिकाबाट सर्वोत्कृष्ट जिपिएबाट उतीर्ण हुने २ जना छात्र र २ जना छात्रा गरी जम्मा ४ जनालाई ल्याटप वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- शिक्षा क्षेत्रलाई सुव्यवस्थित बनाउनका लागि नियमित अनुगमनको व्यवस्था मिलाइनेछ।
- विद्यालयहरुलाई इमिस सम्बन्धी तालिम प्रदान गरिनेछ।
- आवश्यकता तथा औचित्यको आधारमा विद्यालयहरुलाई गाभ्ने(मर्ज) गरिनेछ।
- प्रत्येक सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति भए नभएको एकिन गरी मात्र अनुदान उपलब्ध गराइनेछ।
- कम्तीमा ५ वटा सामुदायिक विद्यालयको स्तरउन्नती वा नयाँ भवन निर्माण आवश्यकताको आधारमा प्राथमिकीकरण तोकि गर्ने व्यवस्था मिलाइनेछ।
- बालबालिका तथा युवाहरुको शारीरिक तथा मान्सिक विकासका लागि खेलकुदहरुमा जोड दिइने छ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले पुऱ्याएको योगदानको सम्मान गर्दै निजहरुलाई प्रदान गरिने प्रोत्साहनलाई वृद्धि गरिनेछ।
- नगरपालिका भित्रको सबै स्वास्थ्य चौकीहरुको स्तरउन्नती गर्दै लैजाने र बर्थिङ्ग सेन्टरहरुमा गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- बर्थिङ्ग सेन्टरहरुमा जन्म हुने बच्चा तथा आमाहरुका साथ उपमेयर कार्यक्रम अन्तर्गत आमा र बच्चाको पोषण सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य सेवालाई थपप्रभावकारी र नगर बासीलाई नगर भित्र नै शहर बजार जस्तो स्वास्थ्य सेवा उपलब्ध गराउन पेडीयट्रीक, गाइनो, डेन्टिस्ट फिजियोथेरेपीको व्यवस्था नगर अस्पतालमा मिलाइनेछ।
- नगर प्रमुखद्वारा बृद्धा बचाउ अभियान अन्तर्गत सबै आखा नदेखिने बृद्ध बृद्धा हरुलाई निशुल्क मोतियाबिन्दको शल्यक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



CamScanner

- बिधार्थी शिक्षक अनुपात नमिलेको बिधालयमा बिधार्थीको भविष्यलाइ ध्यानमा राख्दै नगर शिक्षक भर्नालाई निरन्तरता दिइनेछ।
- एस.इ.इ परीक्षामा यस पालिकाबाट सर्वोत्कृष्ट जिपिएबाट उतीर्ण हुने २ जना छात्र र २ जना छात्रा गरी जम्मा ४ जनालाई ल्याटप वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- शिक्षा क्षेत्रलाई सुव्यवस्थित बनाउनका लागि नियमित अनुगमनको व्यवस्था मिलाइनेछ।
- विद्यालयहरुलाई इमिस सम्बन्धी तालिम प्रदान गरिनेछ।
- आवश्यकता तथा औचित्यको आधारमा विद्यालयहरुलाई गाभ्ने(मर्ज) गरिनेछ।
- प्रत्येक सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति भए नभएको एकिन गरी मात्र अनुदान उपलब्ध गराइनेछ।
- कम्तीमा ५ वटा सामुदायिक विद्यालयको स्तरउन्नती वा नयाँ भवन निर्माण आवश्यकताको आधारमा प्राथमिकीकरण तोकि गर्ने व्यवस्था मिलाइनेछ।
- बालबालिका तथा युवाहरुको शारीरिक तथा मान्सिक विकासका लागि खेलकुदहरुमा जोड दिइने छ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले पुऱ्याएको योगदानको सम्मान गर्दै निजहरुलाई प्रदान गरिने प्रोत्साहनलाई वृद्धि गरिनेछ।
- नगरपालिका भित्रको सबै स्वास्थ्य चौकीहरुको स्तरउन्नती गर्दै लैजाने र बर्थिङ्ग सेन्टरहरुमा गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- बर्थिङ्ग सेन्टरहरुमा जन्म हुने बच्चा तथा आमाहरुका साथ उपमेयर कार्यक्रम अन्तर्गत आमा र बच्चाको पोषण सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य सेवालाई थपप्रभावकारी र नगर बासीलाई नगर भित्र नै शहर बजार जस्तो स्वास्थ्य सेवा उपलब्ध गराउन पेडीयट्रीक, गाइनो, डेन्टिस्ट फिजियोथेरेपीको व्यवस्था नगर अस्पतालमा मिलाइनेछ।
- नगर प्रमुखद्वारा बृद्धा बचाउ अभियान अन्तर्गत सबै आखा नदेखिने बृद्ध बृद्धा हरुलाई निशुल्क मोतियाबिन्दको शल्यक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



CamScanner

- नगर उप प्रमुख सँग असहाय छोरी कार्यक्रम नाराका साथ असहाय परिवारका छोरीको लागि आवश्यक मापदण्ड बनाई आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ।
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिवृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ।
- प्रत्येक घरधुरीलाई स्वस्थ र स्वच्छ खानेपानी पुर्याउने लक्ष्य लिइएको छ।
- स्वास्थ्य, शिक्षा, लैंगिक समानता एवम् अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी गतिशील सामाजिक जीवनको स्थापना गर्ने ।
- सिम्रौनगढको रानीवास वजारमा रहेको अनाधिकृत संरचनालाई हटाई सुबिधा सम्पन्न भवन सहितको बजार व्यवस्थापन गरिनेछ।
- कृषि विधुतिकरणलाई विस्तार गर्नका लागि आवश्यक पोल तार र ट्रान्सफरमरको व्यवस्थापन गरिनेछ।
- कृषि मिटरको भुक्तानी नगरपालिकाबाट हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- कृषि स्प्रे ट्याङ्की वितरणको व्यवस्था मिलाइनेछ।
- उन्नत धान गहुको विउ ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- महिला सशक्तीकरण कार्यक्रम, दलित उद्यमशीलता प्रवर्द्धनलाई जोड दिइनेछ।
- अपांगता भएका व्यक्तिको पहुँचमा सुधार गर्ने लक्ष्य लिइनेछ।
- विविध धर्म संस्कृतिको जगेर्ना, संरक्षण र उत्सव प्रवर्द्धनको लागि आवश्यक पहल गरिनेछ।
- विपन्नका साथ नगर प्रमुख भन्ने नाराका साथ विपन्न वर्गका परिवारको लागि आवश्यक मापदण्ड अन्तर्गत आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ।

**वातावरण तथा विपद व्यवस्थापन तर्फः**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपवाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ ।

- घर नक्सा पास गर्दा घरमा अनिवार्य ५ वटा विरुवा लगाउने नीति अवलम्वन गरिनेछ।
- सिम्रौनगढ न.पा लाइ हराभरा बनाउन बृक्षारोपन तथा बिरुवा बितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ ।
- कृषि वन तथा फलफुल नर्सरी स्थापना गरि नगर बासीहरुलाई सुपथ मुल्यमा बिरुवा तथा फलफूलको बोट उपलब्ध गराईनेछ।
- विपद् व्यवस्थापनको लागि आवश्यक बजेट छुट्याइ

**संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फः**

- यस नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापनको लागि प्रदेश सरारकालाई पत्राचार गरिनेछ।
- नगरपालिकालाई आवश्यक पर्ने सबै प्रकारका पदहरुको O & M सर्वे प्रतिवेदनमा दरबन्दी सृजना गरी पदपूर्ति गरिनेछ।
- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।
- कार्यालय समयमा कार्यालयले तोकेको ड्रेस लगाइ मात्र कर्मचारी उपस्थित हुने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।
- डिजिटल सेवा प्रणाली, मोबाइल एपको विकास गरिनेछ।
- नागरिक गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ।
- ई—सेवालाई जोड दिइ विस्तार गरिनेछ।
- ई-हाजिरी अनिवार्य लागु गरी कार्यालयलाई सुशासनमा डोऱ्याइनेछ।
- सम्पूर्ण कर्मचारीहरुको लागि कर्मचारी परिचय पत्रको व्यवस्था मिलाइनेछ।
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरणद्वारा अझ व्यवस्थित गरिनेछ ।
- अनलाइन नागरिकता सिफारिस प्रणालीका लागि आवश्यक सामग्रीको व्यस्थापन गरी डिजिटल सेवालाई प्रयोग गर्न आम नागरिकलाई प्रोत्साहनत गरिनेछ।

- सेवा प्रवाहमा सहजता ल्याउन नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाइनेछ। र भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन बिना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। नगरपालिका घोषणासगै राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- आत्म निर्भर नगरपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ।

आदरणीय सभा सदस्यज्यूहरु,

अव म प्रस्तुत भएका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु। आ.व. २०८२/८३ को लागि प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको व्यहोरा यस कार्यालयलाई प्राप्त नभएकोले प्राप्त भएपछि नगर सभाको बजेट भाषणमा समावेश गरिनेछ। यस नीति तथा कार्यक्रममा संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक श्रोत साधनबाट प्राप्त हुने अनुदानको मात्र आ.व.२०८२/०८३ को लागि अनुमानित आय तथा व्ययको विवरण यस प्रकार रहेको छ ।

<u>आ.व.२०८२/०८३ को अनुमानित आय तर्फः</u>

१. संघीय वितीय समानिकरण अनुदान- रु.१३ करोड १० लाख।

२. संघीय राजश्व बाँडफाँड- रु. ११ करोड ३५ लाख ९८ हजार ५८ रुपैया।

१३

३. संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ- रु. ३२ करोड ६३ लाख।

४. संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान तर्फ- रु. ८७ लाख।

५. संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फ- रु. ६९ लाख।

६. आन्तरिक स्रोत- रु. ३ करोड ९९ लाख ९२ हजार।

७. सडक बोर्ड- रु. ५० लाख।

८. राष्ट्रिय आयोजना आयोग- रु. ५ करोड।

९. प्रदेश सरकार राजश्व बाँडफाँड- रु. १ करोड ५ लाख।

१०. प्रदेश सरकार वितीय समानिकरण अनुदान- रु. १ करोड ५ लाख।

११. प्रदेश सरकार समपूरक अनुदान- रु. २० लाख।

१२. प्रदेश सरकार विशेष अनुदान - रु. ३० लाख।

**कुल अनुमानित बजेट आय- ७० करोड ७४ लाख ९० हजार ५८ रुपैया अनुमान गरेको छु ।**

आदरणीय सभा सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

## उद्देश्य

- आर्थिक गतिविधि एवं विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिने ।
- नगरपालिकाको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने।
- सार्वजनिक स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील नगरपालिका घोषणा गर्ने ।

**बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छु ।**

- कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि ।
- जीवन उपयोगी एवम् सीपयुक्त शिक्षाका लागि पूर्वाधारमा लगानी ।
- शीघ्र प्रतिफल हुने रणनीतिक महत्वका पूर्वाधार निर्माण ।
- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य मार्फत संतुलित विकास ।
- सबै प्रकारका विभेद र असमानताको अन्त्य, सामाजिक विकास र प्रतिफलमा न्यायपूर्ण पहुँच ।
- उत्तरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभुति, भष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता ।
- सङ्घीय सरकारको नीति अनुसार तोकिएका कर्मचारीहरुलाई (सूचना प्रविधि अधिकृत, पञ्जिकरण, बहुक्षेत्रिय पोषण आदि) लाई समेटी व्यवस्थापन गरिने छ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

स्थानीय सरकार सिम्रौनगढले राजनीतिक, सामाजिक, आर्थिक र उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धि गरी आर्थिक समृद्धि सहितको सामाजिक न्याय हासिल गर्न हरेक नगरवासीले २१ औं शताब्दी अनुकुलको जीवनयापन गर्न पाउने प्रबन्ध गर्न, गुणस्तरीय विकास संरचना निर्माण गर्न र उपलब्धिहरुलाई संरक्षण गर्दै थप उन्नत बनाउने, नगरपालिका हितको प्रवर्द्धन गर्ने र स्वाभिमान वृद्धि गर्ने, रोग महामारीको रोकथाम तथा नियन्त्रण गर्ने र महामारीबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सहयोग हुने विश्वास गर्दछु।**

**अन्त्यमा नगरपालिकाको समग्र विकासमा योगदान गर्ने जनप्रतिनीधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र वर्ग, नागरिक समाज, आम सञ्चार लगायत सम्पूर्ण नगरवासी, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।**



CamScanner

अन्त्यमा नगरपालिकाको समग्र विकासमा योगदान गर्ने जनप्रतिनीधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र वर्ग, नागरिक समाज, आम सञ्चार लगायत सम्पूर्ण नगरवासी, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

<u>निर्णय नं.१</u> दशौ नगर सभाको बैठकमा पेश भएका उपरोक्त अनुसारका आ.व. २०८२/०८३ का नीति तथा कार्यक्रम पारित गरियो।